# ओमसतिया गाउँपालिकाको सम्मानित तेह्रौं गाउँसभा २०८० साल आषाढ १० गते आईतवारका दिन गाउँपालिका उपाध्यक्ष श्री सुनिता चौधरीज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८०/०८१ को वजेट वक्तव्य २०८०

**सम्माननीय सभाका सभाध्यक्ष ज्यू, कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु, राष्ट्रसेवक कर्मचारी एवं सञ्चारकर्मी मित्रहरु,**

- गाउँपालिकाको गरिमामय तेह्रौं गाउँसभा समक्ष गाउँपपालिकाको मार्गदर्शक सिद्धान्तको रुपमा रहेको आर्थिक वर्ष २०८०/०८१ को समग्र नीति तथा कार्यक्रम कार्यान्वयनको दस्तावेजको रुपमा यो बजेट प्रस्तुत गरिरहँदा अत्यन्तै गर्वको महसुस गरेको छु ।
- स्वाधीन, समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणको वर्तमान आवश्यकता र नेपालको संविधानले निर्देश गरेको समाजवाद उन्मुख अर्थ व्यवस्था निर्माण गर्ने उद्देश्यलाई आत्मसात् गर्दै गरिबी निवारण तथा विभेद र बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाती, समुदाय लगायत सबै नागरिकको विकास र सम्बोधन गर्न बजेट केन्द्रित रहेको जानकारी गराउँदछु।
- आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गरी रहँदा म संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना सम्मका क्रान्ति तथा संघर्षहरुमा आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने महान शहिदहरुलाई स्मरण गर्न चाहन्छु। साथै नेपाली समाज रुपान्तरणको क्रममा अग्रपंक्तिमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु। घाईते योद्धा र बेपत्ता नागरिकहरुलाई यस अवसरमा सम्मानका साथ सम्झन चाहन्छु।
- विविध प्रतिकूलता र चुनौतिका साथै सिमित स्रोतका बाबजुत वित्तीय अनुशासन कायम गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम राख्न मद्दत गर्ने गरी आधारभुत सेवा सुविधाको प्रत्याभुतिका साथै अत्यावश्यक सेवा प्रवाहको सुनिश्चितता गर्नुपर्ने भएको छ। त्यसका लागि उपलब्ध साधन स्रोतको कुशलतम विनियोजन गरि त्यसको प्रभावकारी कार्यान्वयन गर्नुको विकल्प हामी सँग छैन।
- नेपालको संबिधानः संघीय तथा प्रदेश सरकारबाट जारी ऐन, कानुन तथा स्थानीय सरकार संचालनको मार्गदर्शनको रुपमा रहेको स्थानीय सरकार संचालन ऐन, २०७४ अर्थ विद्येयक २०७९ विनियोजन विद्येयक २०७९ आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम संघीय सरकारका नीति तथा कार्यक्रमहरुः स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७७ विकासका सहयात्रीहरु, गाउँपालिकाका विषयगत समितिका सुझावहरु, दिगो विकास लक्ष्यहरु, गाउँसभाका सदस्यज्युहरुले दिनुभएका सुझावहरु, विषय विज्ञका सुझाव, सञ्चारकर्मी, नागरिक समाज, राजनीतिक दलहरु, विभिन्न संघ संस्था एवं सरोकारवालाहरुको सुझाव र गाउँपालिकाबासी दिदिबहिनी तथा दाजुभाईबाट प्राप्त महत्वपुर्ण तथा कार्यान्वयन योग्य सुझावहरु नै आर्थिक वर्ष २०८०/०८१ को नीति तर्जुमा एवं बजेट प्रक्षेपणको आधार रहेको छ ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

अब म ओमसतिया गाउँपालिकाको चालू आर्थिक वर्षको बजेट कार्यान्वयन र आर्थिक स्थितिका बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु।

- चालु आर्थिक वर्षको आषाढ पहिलो हप्तासम्म सङ्घीय सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान तर्फ रु. ११ करोड ९० लाख ८७ हजार ५ सय, विशेष अनुदान तर्फ रु. १ करोड ५० लाख र सशर्त आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि रु. १६ करोड ७३ लाख ७५ हजार, यसै गरी प्रदेश सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण अनुदान तर्फ रु. ७५ लाख ९ हजार, सशर्त अनुदान तर्फ रु. ८० लाख, समपुरक अनुदान तर्फ रु. १ करोड र विशेष अनुदान तर्फ रु. ६० लाख मात्र प्राप्त भएको छ। साथै बाँडफाँडबाट प्राप्त राजश्व अन्तर्गत संघीय सरकारबाट रु. ५ करोड ७७ लाख ७ हजार १ सय ५८, प्रदेश सरकारबाट रु. ४१ लाख ४५ हजार ८ सय १३ रुपैंया ८९ पैसा र मालपोत बाँडफाँडबाट रु. ९७ लाख ९८ हजार ८ सय ८३ रुपैंया २०

पैसा प्राप्त भएको छ। यसै गरी गाउँपालिकाको आन्तरिक श्रोत तर्फ रु. २ करोड ४० लाख ८० हजार १ सय रुपैँया ५१ पैसा मात्र प्राप्त भएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।

- चालु आर्थिक वर्षमा यस गाउँपालिकाको चालु खर्च शिर्षकमा रु. ३३ करोड १५ लाख १७ हजार बिनियोजन भएकोमा २०८० आषाढ पहिलो हप्तासम्म रु. २३ करोड ४५ लाख ३१ हजार ७ सय ८८ रुपैया २९ पैसा अर्थात ७०.७३ प्रतिशत र पुजिगत खर्च शिर्षकमा रु. २५ करोड ३३ लाख ५६ हजार बिनियोजन भएकोमा रु. १५ करोड ७७ लाख १४ हजार ५ सय ६४ रुपैया ४४ पैसा अर्थात ६२.२५ प्रतिशत गरी कुल खर्च रु. ३९ करोड २२ लाख ४६ हजार ३ सय ५२ रुपैया ७३ पैसा अर्थात ६७.०५ प्रतिशत भएको व्यहोरा यस गरीमामय सभालाई जानकारी गराउन चाहन्छु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

अब म गरिमामय सभा समक्ष आर्थिक वर्ष २०८०/०८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु।

**उद्देश्यहरू:**

**स्थिरता, उत्पादनशिलता र रोजगारी वृद्धिः समावेशि विकास, आत्मनिर्भरता र आर्थिक समृद्धि** भन्ने ध्येयका साथ प्रस्तुत बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छनः

- विकास तथा प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन र मितव्ययितामा आधारित गाउँपालिका निर्माण गर्ने,
- पलिकावासिहरुको न्युनतम आधारभूत आवश्यकताहरु परिपूर्ति गर्दै जाने,
- साधन स्रोत, अवसर र क्षमताको विकास तथा सोको उच्चतम उपयोग गरी समृद्ध गाउँपलिका बनाउने,
- आर्थिक, भौतिक, सामाजिक र वातावरणीय क्षेत्रमा दिगो पूर्वाधार विकास मार्फत समुन्नत र सुदृढ गाउँपालिका बनाई राष्ट्रको विकासमा टेवा पुर्याउने,
- विकास सहयात्रीहरु सँगको निरन्तर सहकार्य मार्फत रोजगारिका अवसरहरुको सिर्जना गर्ने तथा गाउँपालिकाको वित्तीय तथा विज्ञताको रिक्तता पूर्ति गर्दै साझेदारी विधिबाट दिगो भौतिक पूर्वाधार तथा सेवा प्रवाह गर्दै जाने ।

**आ.व. २०८०/०८१ को बजेटको प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम प्रस्तुत गरिएको छः**

- शिक्षा र स्वास्थ्य क्षेत्रको आमूल परिवर्तन मार्फत आम जनताको पहुँच अभिवृद्धी गरी गुणस्तरिय सेवा प्राप्तिको सुनिश्चतता कायम गर्ने,
- कृषि क्षेत्रको विविधिकरण, विस्तारिकरण र बजारीकरणको माध्यमद्वारा रुपान्तरण गर्ने,
- सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र आर्थिक सबलिकरण,
- नवप्रवर्तनमा आधारित स्थानीय विकास,
- सक्षम, सबल र सीपयुक्त मानव संसाधन विकास तथा सुरक्षित र मर्यादित रोजगारी सिर्जना,
- दीगो पुर्वाधार विकाश,
- वातावरण संरक्षण, विपद व्यवस्थापन तथा जोखिम न्यूनिकरण,
- प्रभावकारि सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन,
- स्थानिय भाषा, कला, संस्कृतिको संरक्षण र प्रवर्द्धन।

**आदरणीय सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को स्रोत व्यवस्थापन सम्बन्धी विवरण प्रस्तुत गर्न चाहन्छु। जुन देहायबमोजिम रहेको छः

- आगामी आर्थिक वर्ष ०८०/०८१ का लागि सङ्घीय सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानिकरण अनुदान तर्फ रु. ११ करोड ९४ लाख, सशर्त अनुदान तर्फ रु. १५ करोड ७६ लाख, विशेष अनुदान तर्फ रु. ७० लाख, समपुरक अनुदान तर्फ रु. ५० लाख यसै गरी प्रदेश सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानिकरण अनुदान तर्फ रु. ८६ लाख ७१ हजार, सशर्त अनुदान तर्फ रु. ८१ लाख ५० हजार, समपुरक अनुदान तर्फ रु. १ करोड अनुदान प्राप्तिको प्रक्षेपण गरिएको छ। साथै बाँडफाँडबाट प्राप्त राजश्व अन्तर्गत संघीय सरकारबाट रु. ८ करोड ५५ लाख ८५ हजार २ सय, प्रदेश सरकारबाट रु. ३६ लाख ८९ हजार ९ सय ७, मालपोत बाँडफाँडबाट रु. १ करोड ५० लाख राजश्व प्राप्तिको अनुमान गरिएको छ। यसै गरी गाउँपालिकाको आन्तरिक श्रोत (जि.स.स. बाट प्राप्त अनुदान समेत) तर्फ रु. ३ करोड ६४ लाख र गत वर्षको नगद मौज्दात रु. २ करोड गरी कुल जम्मा **रु. ४७ करोड ६६ लाख ९६ हजार १०७** राजश्व तथा अनुदान प्राप्तिको अनुमान गरिएको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु।

**नेपाल सरकार र प्रदेश सरकारसँगको सहकार्य र अनुदान-**

- नेपाल सरकारबाट र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनमा लैजाने व्यवस्था मिलाएको छु।
- ओमसतिया गाउँपालिकाको सिफारिसमा संघीय सरकार र प्रदेश सरकारबाट स्वीकृत भई आएका समपूरक अनुदान तर्फका आयोजना तथा कार्यक्रमहरु प्राथमिकताका साथ कार्यान्वयन हुने व्यवस्था मिलाएको छु। गाउँपालिकाको लागत सहभागिता सुनिश्चतता गर्ने गरी जम्मा रु. १ करोड ५० लाख विनियोजन गरेको छु।

अव म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु।

**स्वास्थ्य क्षेत्रको स्तरोन्नरी र विस्तार-**

- ओमसतियावासी आम नागरिकहरुको जनस्वास्थ्यमा सबैको पहुँच सुनिश्चित गर्न आवश्यक औषधी खरिद तथा ढुवानी तर्फ रु. ३३ लाख ६५ हजार विनियोजन गरेको छु।
- खोप क्लिनिक तथा गाउँघर क्लिनिकमा पोषण कार्यक्रम संचालन गर्न रु. २ लाख र सुत्केरी महिलाको पोषण आहारको सुनिश्चत गर्न उपाध्यक्षसंग गर्भवती सुत्केरी पोषंण कार्यक्रमका लागि रु. ९ लाख विनियोजन गरेको छु।
- गत वर्षको निशुल्क रक्तदान सेवा कार्यक्रमलाई निरन्तरता दिई त्यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सुत्केरी महिला तथा नवजात शिशुको जीवन रक्षाका लागि अहोरात्र खटिने महिला स्वास्थ्य स्वंयसेविकाहरुलाइ यातायात खर्च उपलब्ध गराइनेछ। नयाँ छनौट भएका स्वास्थ्य स्वंयसेविकाहरुका लागि क्षमता अभिबृद्धी तालीम संचालनमा ल्याइनेछ। महिला स्वास्थ्य स्वयं सेविकालाई थप प्रोत्साहनको लागि थप रु. ९ लाख विनियोजन गरेको छु साथै महिला स्वास्थ्य स्वयं सेविकाको निशुल्क बिमा तथा सुत्केरी प्रोत्साहन कार्यक्रम संचालन गर्नको लागि रु. १ लाख ५० हजार विनियोजन गरेको छु।
- स्वास्थ्य संस्थाहरुको सुदृढीकरणलाइ प्राथमिकता दिइनेछ। प्रत्येक स्वास्थ्य संस्थाहरुमा पानी, विजुली, संचार तथा इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ। यसका लागि रु. ३ लाख विनियोजन गरेको छु।

**पशु सेवा तथा कृषि विकास क्षेत्र तर्फ-**

- पशु विमा कार्यक्रमलाइ निरन्तरता दिनको लागि नेपाल सरकारले व्यहोर्ने बाहेकको रकममा ५०% अनुदान दिनको लागि रु ३ लाख वजेट विनियोजन गरेको छु।
- पशुपंक्षीमा लाग्ने विभिन्न किसिमका सरुवा रोगहरु जस्तै खोरेत, भ्यागुते, चरचरे, लम्पी स्किन, पि.पि.आर रोग रोकथाम तथा नियन्त्रण गर्न प्रत्येक भ्याक्सिनेशन कार्यक्रम संचालन गर्नको लागि रु. १६ लाख बजेट विनियोजन गरेको छु।
- २५% अनुदानमा हिउँदे र वर्षे घाँसको बिउ वितरण गर्न रु. २ लाख विनियोजन गरेको छु साथै औषधी खरिद तथा वितरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- सामुदायिक कुकुरहरुको बन्ध्याकरण तथा रेविज रोग विरुद्ध निशुल्क भ्याक्सिनेशन कार्यक्रमको लागि रु. ३ लाख वजेट विनियोजन गरेको छु ।
- खाद्यान्न वाली उन्नत गहुँ विउ खरिद तथा वितरण कार्यक्रमको लागि ३० % अनुदानमा रु. १८ लाख वजेट विनियोजन गरेको छु।
- मागको आधारमा च्याउ विउ (स्पान तथा पोलिथिङ्ग व्याग) ५० % अनुदानमा आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।
- सक्रिय कृषक समुहहरुलाई समुह व्यवस्थापन प्रविधि तथा कृषि सामाग्री हस्तान्तरणका लागि रु. १ लाख विनियोजन गरेको छु ।
- मागका आधारमा व्यवसायिक तरकारी तथा फलपुल खेति गर्ने करषकहरुलाई ५० % लागत साझेदारी कार्यक्रम को लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु।

**युवा, खेलकुद तथा शिक्षा क्षेत्र तर्फ-**

- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागी आवश्यक बजेट विनियोजन गरेको छु।
- आधारभुत तथा माध्यमिक तहका स्वीकृत दरवन्दीका सम्पूर्ण शिक्षक/शिक्षिकाका लागि तलब भत्ता, सार्वजनिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाइ छात्रवृत्ति प्रदान गर्न सशर्त अनुदानबाट आवश्यक वजेटको व्यवस्था भएको छ। गाउँपालिकाले नियुक्ति गरेको गा.पा. शिक्षकको तलब भत्ता बालविकास सहयोगी कार्यकर्ता एवं कर्मचारीको प्रोत्साहनको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु।
- कक्षा ११ र १२ संचालन भएका सामुदायिक विद्यालय र गा.पा अन्तर्गतका ५ वटै धार्मिक विद्यालय (मदरसा) संचालन व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागी निशुल्क पाठ्यपुस्तक वितरण गर्न सशर्त अनुदान मार्फत आवश्यक वजेट विनियोजन भएको छ। शैक्षिक गुणस्तर अभिबृद्धी गरी नीजि विद्यालयसँग प्रतिस्पर्धात्मक दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्य अनुरुप नर्सरी के.जी. सम्मका सामुदायीक विद्यालयका विद्यार्थीहरुलाइ पाठ्यपुस्तक खरीद गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु।
- विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एवं प्र.अ तथा गाउँपालिका बीच अन्तक्रिया कार्यक्रम गरी सामुदायीक विद्यालयको गुणस्तर अभिबृद्धी गर्न उल्लेखीय वजेट विनियोजन गरेको छु।

**सामाजिक विकास क्षेत्र तर्फ-**

- न्यायीक समितिको काम कार्वाहीलाइ अझ प्रभावकारी वनाउन मेलमिलाप कर्ताहरुको क्षमता अभिबृद्धी गर्ने, प्रत्येक वडामा गठित मेलमिलाप समितिको व्यवस्थापकिय सुधार गर्ने कार्यका लागी आवश्यक वजेट विनियोजन गरेको छु।

- अपाङ्गता भएका व्यक्तिहरुलाइ सामाजिक सुरक्षा भत्ता ,अपाङ्गता परिचय पत्र वितरणको लागि घुम्ती शिविर संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- महिला संस्था तथा समिति, बालक्लब, किशोरी समूह एवं महिला सहकारी संस्थामा आवद्ध महिलाहरुको सशक्तिकरणका लागी विभिन्न अन्तरक्रिया, गोष्ठी, तालीम, सेमिनार, समूह परिचालन जस्ता कार्यक्रम संचालन गर्न र विभिन्न दिवसिय कार्यक्रमहरुका लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- लक्षित, एकल महिला तथा महिला समुहको सिप तथा व्यवसायिक तालिम संचालनको लागि पर्याप्त बजेट विनियोजन गरेको छु।
- बालबालिकाहरुका लागि लागूपदार्थ दुर्व्यसन सम्बन्धी सचेतना कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**आदरणीय ओमसतिया गाउँपालिका अध्यक्ष, गाउँसभा सदस्य तथा राष्ट्रसेवक कर्मचारीहरु,**

अव म पुर्वाधार विकास तर्फका कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु।

- गाउँपालिका तर्फका स्थानीय गौरवका आयोजनाहरु संचालन गर्न चालु आ.ब. मा विद्युतिय बोलपत्र आव्हान गरि आगामी आ.व मा सम्पन्न गर्ने गरी सम्झौता भएका आयोजनाहरुलाइ निरन्तरता दिन आवश्यक वजेटको व्यवस्था मिलाएको छु।
- ओमसतिया गउँपालिका वडा नं. ५ को प्रसाशनिक भवन निर्माणको लागि रु. ५९ लाख वजेट विनियोजन गरेको छु ।
- ठुटिपिपल चोकदेखि गा.पा सम्मको बाटो कालोपत्रे गर्न रु. २० लाख बजेट विनियोजन गरेको छु।
- हाईवेदेखि वडा नं. ४ बसन्तपुर गाउँसम्म नाला सहित सडक कालोपत्रे निर्माण कार्यका लागि रु. ४० लाख बजेट विनियोजन गरेको छु ।
- ओमसतिया-३, मा रहेको जनजागृति मा.वि.को अधुरो भवन निर्माण कार्यलाइ निरन्तरता दिइ सम्पन्न गर्नका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु।
- वडसारी गाउँदेखि फर्साटिकर जोडने सडक कालोपत्रेको लागि रु. ३५ लाख वजेट विनियोजन गरेको छु ।
- केवटलियादेखि कर्वलाहासम्म बाटो कालोपत्रेको लागि रु. ५० लाख वजेट विनियोजन गरेको छु।
- संघीय र प्रदेश सरकार समपुरक अनुदान अन्तर्गत गाउँपालिका कार्यालयले बेहोर्नुपर्ने ५० प्रतिशत बजेटको सुनिश्चितता गरेको छु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

अव म सार्वजनिक प्रशासन तथा सुशासन तर्फको वजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- गाउँकार्यपालिका कार्यालय वा अन्तर्गत वडा कार्यालयमा कार्यरत सम्पुर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीलाइ तलब, भत्ता, पोशाक लगायत सेवा सुविधाको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- गाउँकार्यपालिका कार्यालय वडा कार्यालयहरु स्वास्थ्य चौकीहरु दैनिक कार्य संचालन, मर्मत संभार, मसलन्द, कार्यालय सामाग्री, बैठक भत्ता तथा इन्धन खर्च लगायतका विविध प्रशासनिक खर्चमा मितव्ययीता अपनाउन बजेट कटौति गरी अति आवश्यक कार्यमा मात्र खर्च गर्न वजेटको व्यवस्था गरेको छु।
- सार्वजनिक प्रशासनलाइ चुस्त दुरुस्त, पारदर्शी, सेवामैत्री एवं प्रभावकारी वनाउन आवश्यक वजेटको व्यवस्थापन गरेको छु।
- राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च राखि सेवाप्रवाहलाई समेत गुणस्तरीय तवरले प्रदान गर्न कर्मचारीको खाजा खर्च तथा ईन्धन सुविधालाई निरन्तरता दिनुका साथै सम्पुर्ण स्वास्थ्य संस्थामा कार्यरत

स्थायी, अस्थायी र सेवा करारमा कार्यरत कर्मचारीहरुलाई यातायात र खाजा सुविधा वापत प्रति कर्मचारी मासिक रु. २ हजारका दरले उपलब्ध गराउने व्यवस्था गरेको छ ।

- वडा कार्यालयबाटै अधिकांश सार्वजनिक सेवाहरु उपलब्ध गराउने कार्यलाई कार्यान्वयन गर्नको लागि वडा कार्यालयमा हाजिर भई कामकाज गर्ने प्राबिधिक कर्मचारी र वडा सचिवलाई सञ्चारको लागि आवश्यक रकमको व्यवस्था गरिएको छ भने ग्रामिण क्षेत्र अन्तर्गत वडा नं. ५ र ६ मा खटिने प्राबिधिक तथा वडा सचिवलाई दिई आएको सुविधामा निरन्तरता दिएको छु।
- प्रति व्यक्ति मासिक रु. १ हजारका दरले नगर प्रहरीहरुलाई २४ सै घण्टा गा.पा. को सामाजिक सेवा, बिपद व्यवस्थापन, शान्ति सुरक्षा तथा नदिजन्य पदार्थको अवैध चोरी निकासी नियन्त्रणका कार्यमा खटिन प्रेरित गर्ने उद्देश्यले आवास तथा रासन कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- उत्प्रेरित एवं उच्च मनोवलयुक्त जनशक्तिबाट प्रभावकारी सेवा प्रवाह भई आम सेवाग्राहीले सुशासनको अनुभूति गर्ने हुँदा कर्मचारीको क्षमता अभिवृद्धि गर्न, अन्य स्थानीय तहमा भएका असल अभ्यास र क्रियाकलापलाई अनुसरण गरी व्यवहारमा लागु गर्न लुम्बिनी प्रदेश सरकारले व्यवस्था गरे बमोजिमको पर्यटन काजका लागि आवश्यक बजेटको व्यवस्थापन गरको छु ।
- सूचना प्रविधि मैत्री, स्मार्ट एवं डिजिटल गाउँपालिका निर्माण गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु।

**सम्माननीय सभाध्यक्षज्यू,**

अव म आर्थिक बर्ष २०८०/०८१ को राजश्व परिचालनको नीति तथा कार्ग्रक्रम प्रस्तुत गर्न चाहन्छु।

- कृषि तथा पशुपालनजन्य व्यवसायमा राजश्व छुटको व्यवस्था मिलाएको छु साथै महिलाको नाममा रहेको सम्पत्ती तथा व्यवसायमा लाग्ने करमा विशेष छुटको व्यवस्थालाई निरन्तरता दिएको छु।
- गाउँपालिकाको कर प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एवं करदातामैत्री बनाई अधिकतम कर सहभागिता सुनिश्चित गर्न कर शिक्षा कार्यक्रम, अभिलेख अद्यावधिक गर्ने कार्यलाई सहज बनाउन घुम्ति शिविर कार्यक्रमको प्रवन्ध मिलाएको छू।
- उद्योग व्यवसाय (इट्टा, केमिकल, लगायत वातावरणीय प्रदुषण गराउने, खोलानाला, पोखरी, तालतलैया लगायत प्राकृतिक स्रोत) बाट राजश्व उठाउन कर जागरण अभियान संचालन गर्ने र सो बाट उठेको राजश्व मितव्ययी तरिकाले खर्च गर्ने व्यवस्था मिलाएको छु।
- आन्तरिक आय संकलनका प्रमुख स्रोतका रुपमा रहेका खोला, पोखरी, हाटबजारहरुको नियमित ठेक्का संचालन कार्यलाई निरन्तरता दिएको छु।
- गाउँपालिकाको उठाउन बाँकि रहेका विभिन्न स्रोतबाट प्राप्त हुने राजश्व रकम तथा बिगतको बक्यौता रकम संकलन गर्ने कार्यलाई प्राथमिकताका साथ संचालन गर्ने व्यवस्था मिलाएको छु।

**अव म गाउँपालिकाबाट विनियोजित गा.पा स्तरिय सम्पुर्ण आयोजनाहरु गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु।**

**आ.ब. २०८०/०८१ का लागि गाँउपालिका स्तरिय, वडा स्तरिय तथा विषयगत शाखा स्तरिय योजना तथा कार्यक्रम**

| | | | |
|---|---|---|---|
| १ | ठुटिपिपल चोक देखि गा.पा जाने बाटो कालोपत्रे वडा नं. १ | २००००००।०० | २० लाख |
| २ | अमित थापाको घर तर्फ नाला सहित बाटो निर्माण वडा नं. १ | २००००००।०० | २० लाख |

| | | | |
|---|---|---|---|
| ३ | पुनम पथ देखि कर्मडाँडा सम्म नाला सहित कालोपत्रे वडा नं. २ | ४००००००।०० | ४० लाख |
| ४ | वडसारी गाउँदेखि फर्साटिकर जोडने सडक कालोपत्रे वडा नं. ३ | ३५००००००।०० | ३५ लाख |
| ५ | हाइवे देखि बसन्तपुर गाउँसम्म नाला सहित सडक कालोपत्रे वडा नं. ४ | ४००००००।०० | ४० लाख |
| ६ | गौरी लोधपुरवा पटखौली हुदै पिपरैया जाने बाटो निर्माण वडा नं. ५ | २५००००००।०० | २५ लाख |
| ७ | मझौली स्मार्ट चोक तथा ढल निकास सहित बाटो निर्माण वडा नं. ६ | २५००००००।०० | २५ लाख |
| ८ | जन जागृति मा.बि को अधुरो भवन निर्माण वडा नं. ३ | २००००००।०० | २० लाख |
| ९ | बसन्तपुर दशरथ मा.वि को अधुरो भवन निर्माण वडा नं. ४ | २००००००।०० | २० लाख |
| १० | पटखौली स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ५ | १५००००००।०० | १५ लाख |
| ११ | ओमसतिया आ.वि.को अधुरो भवन निर्माण वडा नं. ५ | १००००००।०० | १० लाख |
| १२ | रामजनाकी रंगशालामा शटर भवन निर्माण वडा नं.६ | १५००००००।०० | १५ लाख |
| १३ | बालिका बिमा कार्यक्रम | १५००००००।०० | १५ लाख |
| १४ | केवटलियादेखि कर्बलाहा सम्म कालोपत्रे वडा नं. २ | ५००००००।०० | ५० लाख |
| १५ | आ.ब. २०७९/८० मा सम्पन्न भई भुक्तानी दिन दायित्व सरेका योजनाहरुको लागि विनियोजित रकम | १००००००००।०० | १ करोड |
| १६ | वडा कार्यालय भवन निर्मण वडा नं ५ | ५९००००००।०० | ५९ लाख |
| १७ | पटखौली मा.वि को भवन निर्माण | ५००००००।०० | ५० लाख |
| | **जम्मा** | **५५९०००००।००** | **५ करोड ५९ लाख** |

**अध्यक्षबाट प्रस्तावित योजनाहरु**

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | श्री कालीमाई मन्दिर निर्माण तथा मर्मत मटेरीया वडा नं. ४ | २०००००।०० | २ लाख |
| २ | शिव मन्दिर अधुरो भवन निर्माण भेलाई वडा न ५ | ८०००००।०० | ८ लाख |
| ३ | सत्यवति आमा समुह अधुरो भवन निर्माण वडा न १ | ५०००००।०० | ५ लाख |
| ४ | महेन्द्र कार्कीको घर देखि लोक बहादुर गुरुङ्गको घर सम्म जाने बाटो निर्माण वडा न १ | ५०००००।०० | ५ लाख |

| | | | |
|---|---|---|---|
| ५ | फर्सीटिकर अधुरो सामुदायिक भवन निर्माण वडा न ३ | ५५००००।०० | ५ लाख ५० हजार |
| ६ | रामजानकी मन्दिर परीसर भित्र गणेश मन्दिर निर्माण वडा न २ | ३०००००।०० | ३ लाख |
| ७ | रामलखन यादवको घर देखि पंगेनीको घर सम्म बाटो पि.सि.सि वडा न २ | २०००००।०० | २ लाख |
| ८ | चन्दिका मल्लाहको घर देखि पुर्व अधुरो नाला निर्माण वडा न २ | २०००००।०० | २ लाख |
| ९ | शम्भु यादवको घर देखि गणेश गुप्ताको घर सम्म बाटो पि.सि.सि वडा न २ | १०००००।०० | १ लाख |
| १० | क्षेत्री समाज पडसरी दुर्गा पुजा तथा क्षेत्री महोत्सव कार्यक्रम वडा न २ | १०००००।०० | १ लाख |
| ११ | वडा न. १ भित्र विभिन्न बाटो पि.सि.सि | २०००००।०० | २ लाख |
| १२ | दिलिपको घर देखि धुरा सम्म बाटो ग्राभेल वडा न ६ | ५०००००।०० | ५ लाख |
| १३ | मझौली कब्रस्थान कम्पाउण्डवाल तथा तारवार वडा न ६ | ४०००००।०० | ४ लाख |
| १४ | गाउँपालिकाको विभिन्न स्थानमा बाटो ग्राभेल | १००००००।०० | १० लाख |
| १५ | गाउँपालिकाको विभिन्न स्थानमा ह्युम पाईप जडान | १००००००।०० | १० लाख |
| १६ | विपतको घर देखि महेशको घर सम्म स्टयाण्डर्ड ग्राभेल वडा न ४ | ४०००००।०० | ४ लाख |
| १७ | कुइसको घर देखि बसन्तपुर दशरथ जनता मा.वि. सम्म स्टयाण्डर्ड ग्राभेल वडा न ४ | ५७१०००।०० | ५ लाख ७१ हजार |
| १८ | गाउँपालिकाको विभिन्न स्थानमा आवश्यकता अनुसार आकस्मिक पूर्वाधार व्यवस्थापन | १००००००।०० | १० लाख |
| १९ | महिला हिंसा सम्बन्धी सडक नाटक कार्यक्रम | ५०००००।०० | ५ लाख |
| २० | दिपनगर दरखसवा देखि सपही सम्म बाटो ग्राभेल वडा न ५ | ३०००००।०० | ३ लाख |
| २१ | खैरेनी जाने सडक देखि कृष्ण कुमारको घर जाने बाटो पि.सि.सि वडा न ५ | २०००००।०० | २ लाख |
| २२ | मिठ्ठु यादवको घर देखि किशोरीको घर सम्म बाटो पि.सि.सि भेलाई वडा न ५ | २०००००।०० | २ लाख |
| २३ | मोहनको घर देखि उमा कुमारी आलेको घर सम्म बाटो पि.सि.सि वडा न ३ | ३०००००।०० | ३ लाख |

| | | | |
|---|---|---|---|
| २४ | विशाल थापाको घर देखि खगीकलाको घर सम्म बाटो पि.सि.सि वडा न ३ | ३०००००।०० | ३ लाख |
| २५ | बौद्ध विहार भवनमा माटोपटान तथा भवन निर्माण वडा न ३ | ४५००००।०० | ४ लाख ५० हजार |
| २६ | मटेरिया नहर देखि फर्साटिकर सम्म स्टयाण्डर्ड ग्राभेल वडा न ३,४ | १००००००।०० | १० लाख |
| २७ | पम्पसेट खरिद तथा वितरण(५० प्रतिशत अनुदानमा) | ५०००००।०० | ५ लाख |
| २८ | मोटर खरिद तथा वितरण(५० प्रतिशत अनुदानमा) | ५०००००।०० | ५ लाख |
| २९ | राजेन्द्रको घर देखि जुना काफलेको घर सम्म बाटो ग्राभेल नयाँ गाउँ वडा न १ | ५०००००।०० | ५ लाख |
| ३० | माध्यमिक विधालय फुलवारी कार्यक्रम | ५००००।०० | ५० हाजर |
| ३१ | मदरसा कादरिया अहले सुन्नत समसुल ओलुम ओमसतिया ४ बालापुर बाल विकास शिक्षक अनुदान कोटा १ | १५००००।०० | १ लाख ५० हजार |
| **जम्मा** | | **१३४७१०००।००** | **१ करोड ३४ लाख ७१ हजार** |

**उपाध्यक्षबाट प्रस्तावित योजनाहरु**

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | कटैया गाउँमा डिउहार निर्माण वडा नं. १ | २५००००।०० | २ लाख ५० हजार |
| २ | कटैया गाउँमा बाटो पि.सि.सि. ढलान वडा नं. १ | २०००००।०० | २ लाख |
| ३ | फर्साटिकरदेखि लोहरौली जाने सडकमा कल्भर्ट निर्माण वडा नं. ३ | ४०००००।०० | ४ लाख |
| ४ | रामबहादुर गुरुङ्गको घरदेखि नाथुको घरसम्म जाने बाटो ग्राभेल वडा नं. २ | २०००००।०० | २ लाख |
| ५ | लोहरौली डिउहारमा ट्रष्ट निर्माण वडा नं. ३ | १५००००।०० | १ लाख ५० हजार |
| ६ | लगनशील महिला सहकारीमा ट्रष्ट निर्माण तथा खानेपानी धारा जडान वडा नं. ३ | १५००००।०० | १ लाख ५० हजार |
| ७ | मदरसा कादरिया अहले सुन्नत निर्माण बलापुर वडा नं. ४ | ३०००००।०० | ३ लाख |

| | | | |
|---|---|---|---|
| ८ | धन्छी सामुदायिक अधुरो भवन निर्माण तथा परीसरमा माटो पटान वडा नं. ५५ | ७०००००।०० | ७ लाख |
| ९ | अस्थायी प्रहरी चौकी हुँदै चिरञ्जिवीको घर जान बाटो ग्राभेल वडा नं. १ | ४०००००।०० | ४ लाख |
| १० | छोट्कीरामनगर मा.वि. पूर्वधार व्यवस्थापन वडा नं. ६ | २०००००।०० | २ लाख |
| ११ | भविष्य निर्माण आधारभूत विद्यालय पुर्वाधार व्यवस्थापन वडा नं. ६ | २०००००।०० | २ लाख |
| १२ | गा.पा को विभिन्न स्थानमा आवश्यकता अनुसार आकस्मिक पूर्वाधार व्यवस्थापन | ४०००००।०० | ४ लाख |
| १३ | लक्ष्मीनारायण पथ वडा नं २ मा बाटो निर्माण | ५५००००।०० | ५ लाख ५० हजार |
| १४ | माघी महोत्सव कार्यक्रम | ३०००००।०० | ३ लाख |
| १५ | समुदायमा सिकलसेल एनिमिया जाँच परीक्षण तथा निदान कार्यक्रम | ५०००००।०० | ५ लाख |
| १६ | उपाध्यक्षसँग गर्भवती सुत्केरी पोषण कार्यक्रम | ९०००००।०० | ९ लाख |
| १७ | उपाध्यक्षसँग स्वयंसेविका कार्यक्रम | ४०००००।०० | ४ लाख |
| १८ | उपाध्यक्षसँग महिला सिपमूलक कार्यक्रम | ४०००००।०० | ४ लाख |
| १९ | तिज विशेष कार्यक्रम | २०००००।०० | २ लाख |
| २० | सेनेटरी प्याड बनाउने तालिम | ३०००००।०० | ३ लाख |
| २१ | आदिवासी जनजाती लक्षित कार्यक्रम | २०००००।०० | २ लाख |
| २२ | विविध लक्षित कार्यक्रमहरु | २०००००।०० | २ लाख |
| २३ | प्रस्तावना लेखन सम्बन्धी तालिम | २०००००।०० | २ लाख |
| २४ | कृषक समुह लक्षित कार्यक्रम | ३०००००।०० | ३ लाख |
| २५ | न्यायिक समिति(संचालन व्यवस्थापन तथा विविध कार्यक्रमहरु) | १००००००।०० | १० लाख |
| **जम्मा** | | **९००००००।००** | **९० लाख** |

**वडा स्तरिय योजना तथा कार्यक्रमहरु**

**वडा नं.-१**

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | माछा फार्मको सिमाना देखि वसन्त खड्काको घर जाने बाटो पि.सि.सी | ३०००००।०० | ३ लाख |

| | | | |
|---|---|---|---|
| २ | क्यापटेनटोल अधुरो बाटो पि.सी.सी | ५०००००।०० | ५ लाख |
| ३ | गोबिन्द थापाको घर देखि उत्तर जाने अधुरो बाटो कालो पत्रे | ५०००००।०० | ५ लाख |
| ४ | गंगापुर डिउहार मन्दिर निर्माण | ३०००००।०० | ३ लाख |
| ५ | ठुलो कटैया नाला निर्माण | २०००००।०० | २ लाख |
| ६ | प्रगति टोल बाटो पि.सी.सी | ३०००००।०० | ३ लाख |
| ७ | पुर्जा बाजेको घर देखि उत्तर नाला निर्माण | ३०००००।०० | ३ लाख |
| ८ | खुन्सा मगर भवन देखि उत्तर बाटो ग्राबेल | २५०००००।०० | २ लाख ५० हजार |
| ९ | कोटहिमाई मन्दिर जाने बाटो ग्रावेल | १५०००००।०० | १ लाख ५० हजार |
| १० | मिन बहादुर रानाको घर अगाडि दुवै तर्फ नाला निर्माण | ५०००००।०० | ५ लाख |
| ११ | खुन्सा अधुरो बाटो पि.सी.सी | १५०००००।०० | १ लाख ५० हजार |
| १२ | सत्यवती आमा समुह भवन निर्माण | ३०००००।०० | ३ लाख |
| १३ | नयाँ गाउँ टोल समाज भवन निर्माण | ३०००००।०० | ३ लाख |
| १४ | ठुटिपिपल मा.बि टेवुल कुर्चि खरिद | २०००००।०० | २ लाख |
| १५ | गंगापुर गाउँमा बाटो ग्रावेल | २०००००।०० | २ लाख |
| १६ | लाहुरे टोल अधुरो बाटो पि.सी.सी. | ५०००००।०० | ५ लाख |
| १७ | शेरबहादुर क्षेत्रीको घर देखि पश्चिम बाटो पि.सी.सी | ५०००००।०० | ५ लाख |
| १८ | जलाउदिन पठानको घर देखि उत्तर जाने बाटो पि.सी.सी | ३०००००।०० | ३ लाख |
| १९ | निर रेग्मीको घर देखि पुर्व बाटो पि.सी.सी | ३०००००।०० | ३ लाख |
| २० | नयाँ गाउँ फरेना अधुरो बाटो पि.सी.सी | २०००००।०० | २ लाख |
| २१ | डिवि कान्छाको जग्गा देखि दक्षीण नाला निर्माण | ४०००००।०० | ४ लाख |
| २२ | कुमार थापाको घर देखि उत्तर बाटो ग्रावेल | २०००००।०० | २ लाख |
| २३ | वडाका विभिन्न स्थानमा नाला सरसफाई | ५०००००।०० | ५ लाख |
| २४ | वडा कार्यालयको आवश्यक सामग्री खरिद | ५००००।०० | ५० हजार |
| २५ | सुत्केरी पोषण कार्यकम | ५००००।०० | ५० हजार |
| २६ | नवयूवा क्लब खेलकुद तथा सास्कृतिक परिवार खेलकुद कार्यक्रम | २०००००।०० | २ लाख |
| २७ | लखनचोक टोल सरसफाई समिति तालिम | १०००००।०० | १ लाख |
| २८ | एकल महिला/विधवा महिला सम्मान | २०००००।०० | २ लाख |

| | | | |
|---|---|---|---|
| २९ | श्री समइमाई आमा समाज तालिम | १०००००।०० | १ लाख |
| ३० | कृषक बुहारि समुह लाई अगरवत्ति तालिम | ५००००।०० | ५० हजार |
| ३१ | विपन्न महिला लक्षित सिलाइ कटाई तालिम | २०००००।०० | २ लाख |
| ३२ | युवा लक्षित मोवाईल फोटोग्राफिको उपयोगिता तालिम | ५००००।०० | ५० हजार |
| ३३ | वडा नं.१ का विभिन्न स्थानमा बाटो ग्रावेल | १५००००।०० | १ लाख ५० हजार |
| ३४ | वडा प्रशासनिक खर्च | ८१५०००।०० | ८ लाख १५ हजार |
| **जम्मा** | | **९३१५०००।००** | **९३ लाख १५ हजार** |

**वडा नं.-२**

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | केवटलिया कालीमाई मन्दिर जाने बाटो पि.सी.सी | १२००००।०० | १ लाख २० हजार |
| २ | वोध पथ जाने बाटो पि.सी.सी | ५०००००।०० | ५ लाख |
| ३ | बर्दिहवा मस्जिददेखि उत्तर नाला निर्माण | ४०००००।०० | ४ लाख |
| ४ | वडा नं. 2 का सम्पूर्ण बाटो ग्रावेल तथा मर्मत | ८५००००।०० | ८ लाख ५० हजार |
| ५ | जितपुर टोलमा पुर्वाधार निर्माण | ४०००००।०० | ४ लाख |
| ६ | पडसरि गाउँ भित्र जाने बाटो कालोपत्रे | ३००००००।०० | ३० लाख |
| ७ | लक्ष्मी नारायण पथ जाने बाटो कालोपत्रे | ५०००००।०० | ५ लाख |
| ८ | प्रगतिपथ नाला निर्माण | ३०००००।०० | ३ लाख |
| ९ | वडा कार्यालय पुर्वाधार व्यवस्थापन | ३०००००।०० | ३ लाख |
| १० | आकस्मिक पूर्वाधार (वडा समितिको निर्णयानुसार) | ३५००००।०० | ३ लाख ५० हजार |
| ११ | वडा नं. २ का विभिन्न स्थानमा सडक बत्ति जडान | २५००००।०० | २ लाख ५० हजार |
| १२ | कर्मडाँडा दुर्गा मन्दिरमा रहेको सार्वजनिक शौचालय निर्माण | १५००००।०० | १ लाख ५० हजार |
| १३ | दुर्गा मन्दिर पडसरी रङ्गरोगन सरसफाई तथा शौचालय निर्माण | १३००००।०० | १ लाख ३० हजार |
| १४ | लक्ष्मिनारायण मन्दिर पुर्वाधार व्यवस्थापन | ५००००।०० | ५० हजार |

| | | | |
|---|---|---|---|
| १५ | पडसरी स्वास्थ्य चौकीको पुर्वाधार व्यवस्थापन | ३०००००।०० | ३ लाख |
| १६ | युवा क्लवलाइ खेलकुद कार्यक्रम तथा खेल सामग्री वितरण | १०००००।०० | १ लाख |
| १७ | अन्य लक्षित वर्ग कार्यक्रम (वडा समितिको निर्णयानुसार) | २५००००।०० | २ लाख ५० हजार |
| १८ | विभिन्न कृषक समुहलाइ कार्यक्रम गर्न अनुदान | १०००००।०० | १ लाख |
| १९ | अपाङ्ग सम्मान कार्यक्रम | ५००००।०० | ५० हजार |
| २० | सचेतना आमा समुहलाई उद्धधोषक तथा बाध्यबाधक तालिम | १०००००।०० | १ लाख |
| २१ | स्वयंसेविकालाई सम्मान कार्यक्रम | ५००००।०० | ५० हजार |
| २२ | लक्षित वर्गलाई बिभिन्न कार्यक्रम | २५००००।०० | २ लाख ५० हजार |
| २३ | वडा प्रशासनिक खर्च | ८१५०००।०० | ८ लाख १५ हजार |
| **जम्मा** | | **९३१५०००।००** | **९३ लाख १५ हजार** |

**वडा नं.-३**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | शिव मन्दिर पि.सी.सी ढलान नौडिहवा | २०००००।०० | २ लाख |
| २ | सेखुवानामा मन्दिर पछाडी सामुदायिक भनव निर्माण | २०००००।०० | २ लाख |
| ३ | अधुरो दुर्गा मन्दिर निर्माण तर्कुल्हा | ३०००००।०० | ३ लाख |
| ४ | लालपुर गाउँमा पि.सी.सी ढलान | ४०००००।०० | ४ लाख |
| ५ | दुमदुमवामा सडक निर्माण | ३०००००।०० | ३ लाख |
| ६ | वडा कार्यालय पूर्वाधार व्यवस्थापन | १०००००।०० | १ लाख |
| ७ | विद्युत तारपोल वडा स्तरमा आवश्यकता अनुसार | ३०००००।०० | ३ लाख |
| ८ | ह्युमपाई वडा भित्र आवश्यकता अनुसार | ३०००००।०० | ३ लाख |
| ९ | हाटिफर्साटिकर स्वास्थ्य चौकीमा कर्मचारी सहित ल्याव संचालन | ७०००००।०० | ७ लाख |
| १० | गाउँ ब्लक को जग्गा लाई लालपुर्जा बितरण | ५०००००।०० | ५ लाख |
| ११ | करुवानी गाउँमा पि.सी.सी ढलान | ५०००००।०० | ५ लाख |
| १२ | फर्साटिकर गाउँमा नालि निर्माण | ५०००००।०० | ५ लाख |
| १३ | धोविहवा वाध निर्माण तर्कुल्हा | ३०००००।०० | ३ लाख |
| १४ | तर्कुल्हामा पि.सी.सी ढलान | ४०००००।०० | ४ लाख |
| १५ | फर्साटिकरमा सामुदायिक भवन निर्माण | ३०००००।०० | ३ लाख |

| | | | |
|---|---|---|---|
| १६ | आकस्मिक पूर्वाधार कोष | १०००००००।०० | १० लाख |
| १७ | स्वयं सेविका सम्मान कार्यक्रम | ५००००।०० | ५० हजार |
| १८ | गर्भवती/सुत्केरी पोषण कार्यक्रम | ५००००।०० | ५० हजार |
| १९ | जन जागृति मा.बि करुबानी पुर्वाधार व्यवस्थापन | २०००००।०० | २ लाख |
| २० | दलित महिला, मधेसी, मुस्लिम, जनजाती पिछडिएको वर्ग उत्थान कार्यक्रम | १५००००।०० | १ लाख ५० हजार |
| २१ | दाह संस्कारको लागि दाउरा तथा क्रिया खर्च | ४०००००।०० | ४ लाख |
| २२ | बिभिन्न कार्यक्रम (वडा समितिको निर्णय अनुसार) | ३५००००।०० | ३ लाख ५० हजार |
| २३ | जेष्ठ नागरीक,एकल महिला तथा अपांङ्गता सम्मान कार्यक्रम | ५०००००।०० | ५ लाख |
| २४ | युवा क्लवलाइ खेलकुद कार्यक्रम तथा खेल सामग्री वितरण | १०००००।०० | १ लाख |
| २५ | माघि महोत्सव कार्यक्रम | १०००००।०० | १ लाख |
| २६ | रामजानकी मेला महोत्सव कार्यक्रम लोहरौली | १५००००।०० | १ लाख |
| २७ | नेपाल मंगर संघलाई भाडाकुडा तथा अन्य सामाग्री खरिद | ५००००।०० | ५० हाजर |
| २८ | दुर्गा कृषक समुह लालपुरलाई भाडाकुडा तथा अन्य सामाग्री खरिद | ५००००।०० | ५० हजार |
| २९ | लुम्बिनि कृषक महिला समुह लोहरौली लाइ भाडाकुडा तथा अन्य सामाग्री खरिद | ५००००।०० | ५० हजार |
| ३० | वडा प्रशासनिक खर्च | ८१५०००।०० | ८ लाख १५ हजार |
| **जम्मा** | | **९३१५०००।००** | **९३ लाख १५ हजार** |

**वडा नं.-४**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | मटेरिया टोलमा नाला निर्माण | ३०००००।०० | ३ लाख |
| २ | प्रसौनी टोलमा अधुरो दुर्गा मन्दिर निर्माण | १०००००००।०० | १० लाख |
| ३ | पननी टोलमा बाटो पि.सि.सि र नाला निर्माण | ६५००००।०० | ६ लाख ५० हजार |
| ४ | वडा कार्यालय शौचालय निर्माण | २७५०००।०० | २ लाख ७५ हजार |
| ५ | वडा कार्यालायमा ईन्टरकम जडान | ५००००।०० | ५० हाजर |
| ६ | पोल वत्ति मर्मत तथा नयाँ वत्ति जडान | २०००००।०० | २ लाख |

| | | | |
|---|---|---|---|
| ७ | बालापुर मन्दिर मर्मत | ५००००।०० | ५० हजार |
| ८ | आकस्मिक पुर्वाधार निर्माण | २०००००।०० | २ लाख |
| ९ | असर्फि जामे मस्जिद ठुलो बालापुर ट्रष्ट निर्माण | २५००००।०० | २ लाख ५० हजार |
| १० | मदीना जामा मस्जिद पननी मिनार निर्माण | २५००००।०० | २ लाख ५० हजार |
| ११ | विभिन्न बाटो पि.पि.सी ढलान र नाला निर्माण | ६०००००।०० | ६ लाख |
| १२ | मधुरी टोलको अधुरो सामुदायिक भवन निर्माण | १००००००।०० | १० लाख |
| १३ | ठुलो बालापुर र सानो बालापुर पि.सी.सी र नाला निर्माण | १००००००।०० | १० लाख |
| १४ | बसन्तपुर गोनहीया पार्क आवश्यकता अनुसारको निर्माण कार्य | ३०००००।०० | ३ लाख |
| १५ | विद्युत तार पोल जडान | २५००००।०० | २ लाख ५० हजार |
| १६ | जेष्ठ नागरिक,एकल महिला तथा अपांङ्गता सम्मान कार्यक्रम | ५०००००।०० | ५ लाख |
| १७ | शिविर संचालन/व्यवस्थापन तथा विविध कार्यक्रम | ५००००।०० | ५० हजार |
| १८ | मृतक दाह संस्कारका लागि दाउरा खर्च | २०००००।०० | २ लाख |
| १९ | स्वयंसेविका प्रोत्साहन | ५००००।०० | ५० हजार |
| २० | अल्ट्रासोनोग्राम मेशिन संचालन | १५००००।०० | १ लाख ५० हजार |
| २१ | बसन्तपुर दशरथ जनता मा.बि.एन.सी.सी तथा विविध कार्यक्रम | १०००००।०० | १ लाख |
| २२ | तिज कार्यक्रम | ५००००।०० | ५० हजार |
| २३ | मागको आधारमा रामजानकी आमा समुहलाई कार्यक्रम | ५००००।०० | ५० हजार |
| २४ | मागको आधारमा मधुरी बहुउद्देशिय कृषक समुहलाई कार्यक्रम | ५००००।०० | ५० हजार |
| २५ | वडाको पाश्वचित्र निर्माण | ५००००।०० | ५० हजार |
| २६ | ह्याण्ड पाईप र सिचाई पाईप | २०००००।०० | २ लाख |
| २७ | रामजानकी मन्दिरमा धार्मिक तथा सांस्कृतिक संरक्षण कार्यक्रम | २०००००।०० | २ लाख |
| २८ | वातावरण संरक्षण कार्यक्रम | २५०००।०० | २५ हजार |
| २९ | बसन्तपुर खानेपानी तथा सरसफाई संस्थाको खानेपानी विस्तार | २०००००।०० | २ लाख |
| ३० | कृषकहरुलाई तालिम कार्यक्रम | १०००००।०० | १ लाख |
| ३१ | पशुपन्छी उपचारका लागी औषधी खरिद | १५००००।०० | १ लाख ५० हजार |
| ३२ | वडा प्रशासनिक खर्च | ८१५०००।०० | ८ लाख १५ हजार |

| | | |
|---|---|---|
| कुल जम्मा | ९३१५०००।०० | ९३ लाख १५ हजार |

वडा नं.-५

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक भवन निर्माण गर्ने काम दिपनगर दरखसवा | ४०००००।०० | ४ लाख |
| २ | अधुरो समुदायिक भवन निर्माण गर्ने काम,तरैनी ५ पट्खौली | १५००००।०० | १ लाख ५० हजार |
| ३ | अधुरो शिव मन्दिर निर्माण गर्ने काम तरैनी ५ पट्खौली | २०००००।०० | २ लाख |
| ४ | टहरा निर्माण गर्ने काम पट्खौलि ५ लोधपुरुवा | १०००००।०० | १ लाख |
| ५ | अधुरो समुदायिक भवन निर्माण गर्ने काम पट्खौली ५ भेलाइ | १००००००।०० | १० लाख |
| ६ | मिनार बानाउने काम पट्खौलि ५ मस्जिद | ५०००००।०० | ५ लाख |
| ७ | विभिन्न गल्ली पि.सी.सी ढलान तथा नाली निर्माण पट्खौली ५ भेलाई | २०००००।०० | २ लाख |
| ८ | तटबन्ध निर्माण गर्ने काम पट्खौली ५ पिपरहिया | १००००००।०० | १० लाख |
| ९ | माटो पुर्ने कार्य,सिशहनिया लक्ष्मण टोल | २५००००।०० | २ लाख ५० हजार |
| १० | सडक पि.सी.सी ढलान सम्पतको घर देखि पश्चिम जाने बाटो लोदपुरुवा | ४०००००।०० | ४ लाख |
| ११ | छट घाट निर्माण गर्ने काम जिते मल्लाहको घर अगाडी पट्खौली ५ सपही | २०००००।०० | २ लाख |
| १२ | छट घाट निर्माण गर्ने काम पट्खौली को ठुलोपोखरा | ७०००००।०० | ७ लाख |
| १३ | विभिन्न गल्ली पि.सी.सी ढलान तथा नाली निर्माण पट्खौली ५ | २०००००।०० | २ लाख |
| १४ | सडक पि.सी.सी ढलान पट्खौली ५ नौडिहवा | ५०००००।०० | ५ लाख |
| १५ | यवा खेलाडीहरुको लागि खेलकुद सामाग्री खरिद तथा टुनामेन्ट कार्यक्रम | २०००००।०० | २ लाख |
| १६ | छठपुजा होलि पर्ब संस्कृतिक कार्यक्रम पुजा पाठ | ५०००००।०० | ५ लाख |
| १७ | हेल्प डेक्स सहयोगि कार्यकर्ताको लागि | २०००००।०० | २ लाख |
| १८ | समता टेलिभिटन सहकार्यमा वडाको चित्ररण निर्माण गर्ने काम | ५००००।०० | ५० हजार |
| १९ | फर्निचर खरिद गरि वितरण गर्ने काम | २०००००।०० | २ लाख |
| २० | जेष्ठ नागरीकहुरलाई कम्बल खरिद | ४०००००।०० | ४ लाख |
| २१ | हेण्ड पाइप जडान तथा सिचाइका लागि बोर पाईप खरिद | ७०००००।०० | ७ लाख |

| | | | |
|---|---|---|---|
| २२ | भेटेरिनरी औषधी खरिद | १५००००।०० | १ लाख ५० हजार |
| २३ | दाह संस्कार काज क्रिया दाउरा कार्यक्रम | ३०००००।०० | ३ लाख |
| २४ | वडा प्रशासनिक खर्च | ८१५०००।०० | ८ लाख १५ हजार |
| **जम्मा** | | **९३१५०००।००** | **९३ लाख १५ हजार** |

**वडा नं.-६**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | भेँडाबाख्रालाई आन्तरिक परिजिवी नियन्त्रण कार्यक्रम | २०००००।०० | २ लाख |
| २ | बिषादी खरिद | ५००००।०० | ५० हजार |
| ३ | 50 प्रतिशत अनुदानमा कृषि मोटर खरिद तथा वितरण | ५०००००।०० | ५ लाख |
| ४ | महिला शसक्तिकरण कार्यक्रम | २०००००।०० | २ लाख |
| ५ | महिला समुहलाई (गुडिया,चुरापोते) बनाउने तालिम | २०००००।०० | २ लाख |
| ६ | भविष्य निर्माण आ.वि.,शमशेर आ.वि. र छोट्कीरामनगर मा.वि. मा शिक्षक अनुदान | ४८००००।०० | ४ लाख ८० हजार |
| ७ | वडा भित्रका सामुदायिक विद्यालयहरुलाई संचालन व्यवस्थापन खर्च | २२००००।०० | २ लाख २० हजार |
| ८ | छोट्कीरामनगर स्वास्थ्य चौकी संचालन व्यवस्थापन खर्च | १०००००।०० | १ लाख |
| ९ | धार्मिक तथा संस्कृतिक सहायता कार्यक्रम | ३०००००।०० | ३ लाख |
| १० | रामजनाकी रंगशाला महोत्सव | ५७५०००।०० | ५ लाख ७५ हजार |
| ११ | रामजनाकी रंगशाला संचालन व्यवस्थापन खर्च | २५०००।०० | २५ हजार |
| १२ | युवा लक्षित नेतृत्व विकास तालिम | १०००००।०० | १ लाख |
| १३ | विकास सचेतनामुलक कार्यक्रम | १०००००।०० | १ लाख |
| १४ | किशोर किशोरी लक्षित लागूऔषध विरुद्धको सचेतना कार्यक्रम | १०००००।०० | १ लाख |
| १५ | दलित उत्थान समन्वय समितिका पदाधिकारीलाई क्षमता विकास तालिम | १५००००।०० | १ लाख ५० हजार |
| १६ | किशोरि लक्षित सेनिटरी प्याड बनाउने तालिम | १०००००।०० | १ लाख |
| १७ | विपन्न महिलाहरुलाई सिलाइ मेशिन खरिद तथा वितरण | ९०००००।०० | ९ लाख |

| | | | |
|---|---|---|---|
| १८ | वृक्षारोपण तथा संरक्षण कार्यक्रम | ६०००००।०० | ६ लाख |
| १९ | Free wifi जडान वडा भरिका विभिन्न 10 स्थानहरुमा | २४००००।०० | २ लाख ४० हजार |
| २० | जनप्रतिनिधि,कर्मचारी तथा बिभिन्न संघ संस्थाका प्रतिनिधिहरुलाई भ्रमण | ४०००००।०० | ४ लाख |
| २१ | वडा अध्यक्ष कप क्रिकेट प्रतियोगिता | १६००००।०० | १ लाख ६० हजार |
| २२ | दाह संस्कारको लागि काज किरिया दाउरा कार्यक्रम | २०००००।०० | २ लाख |
| २३ | जमुहानीमा विभिन्न बाटो पि.सी.सी ढलान | ८५००००।०० | ८ लाख ५० हजार |
| २४ | वेतौलिया उत्तर टोल बाटो पि.सी.सी निर्माण | ५०००००।०० | ५ लाख |
| २५ | पोखरहवा टोल बाटो पि.सि.सि | १५००००।०० | १ लाख ५० हजार |
| २६ | वडाका बिभिन्न स्थानहरुमा मिस्कट खसाल्ने कार्य | २०००००।०० | २ लाख |
| २७ | रामजनाकी रंगशालाको अधुरो सभाहल निर्माण | ३०००००।०० | ३ लाख |
| २८ | वडा कार्यालयमा पूर्वाधार व्यवस्थापन कार्य | १०००००।०० | १ लाख |
| २९ | गरिब बिपन्नलाई जस्ता पाता र पाईप वितरण | ३०००००।०० | ३ लाख |
| ३० | वुद्ध विहार कम्पाउण्ड वाल निर्माण | २०००००।०० | २ लाख |
| ३१ | वडा प्रशासनिक खर्च | ८१५०००।०० | ८ लाख १५ हजार |
| **जम्मा** | | **९३१५०००।००** | **९३ लाख १५ हजार** |

**विषयगत शाखाका योजना तथा कार्यक्रमहरु**

**शिक्षा, युवा तथा खेलकुद**

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | गा.पा प्रा.बि तह शिक्षक तलब अनुदान | १९५००००।०० | १९ लाख ५० हजार |
| २ | गा.पा नि.मा शिक्षक अनुदान (जनजागृति,बसन्तुर र कोटही आ.बि) | ७०२०००।०० | ७ लाख २ हजार |
| ३ | कक्षा ११/१२ शिक तलब अनुदान( ठुटिपिपल मा.बि,जनजागृति मा.बि र छोटकीरामनगर मा.बि लाइ प्रति विद्यालय ५०००००का दर ले) | १५०००००।०० | १५ लाख |

| | | | |
|---|---|---|---|
| ४ | गा.पाको बालविकास कोटा(मदरसा जियाउल र गंगा बिशं आ.बि | ३९००००।०० | ३ लाख ९० हजार |
| ५ | वाल बिकास स.का.हरुको थप तलब (५००० को दर ले ) | १९५००००।०० | १९ लाख ५० हजार |
| ६ | कार्यालय सहयोगीको थप तलब (४००० का दरले ) | ८३२०००।०० | ८ लाख ३२ हजार |
| ७ | गा.पा सहयोगी कर्मचारी को तलब (बसन्तपुर) | १५६०००।०० | १ लाख ५६ हाजर |
| ८ | सहायकको थप तलब (ठुतिपिपल मा.बि , जनजागृति मा.बि र छोटकी रामनगर मा.बि (३००० को दरले) | ११७०००।०० | १ लाख १७ हाजर |
| ९ | गाउपलिका सहायक कर्मचारी कोटाको तलब (पट्खौली र बसन्तपुर) | ४२९०००।०० | ४ लाख २९ हजार |
| १० | प्र.अ. /शिक्षा समिति /शैक्षिक सुधार समिति सामाजिक बिकास समितिको सम्पूर्ण बैठक तथा खाजा खर्च | ४०००००।०० | ४ लाख |
| ११ | मा.बि प्र.अ. प्रोत्शाहन (५*१०००*१२) | ६००००।०० | ६० हजार |
| १२ | मा.बि इन्चार्ज प्रोत्शाहन (५*५००*१२) | ३००००।०० | ३ लाख |
| १३ | आ.बि प्र.अ.प्रोत्शाहन (१६*४००*१२) | ७६८००।०० | ७६ हजार ८ सय |
| १४ | आ.बि इन्चार्ज प्रोत्शाहन (२१*३००*१२) | ७५६००।०० | ७५ हजार ६ सय |
| १५ | प्रारम्भिक कक्षा पढाइ कार्यक्रम संचालन (EGRP कार्यक्रम प्रबर्धन ) | १०००००।०० | १ लाख |
| १६ | शिक्षक बिधार्थी अतिरिक्त क्रियाकलाप | १५००००।०० | १ लाख ५० हजार |
| १७ | सामुदायिक तथा संस्थागत बिधालय बिच अन्तरक्रिया | ५६६००।०० | ५६ हजार ६ सय |
| १८ | स.का हरुको क्षमता बिकास तालिम | १०००००।०० | १ लाख |
| १९ | बिद्यालय स्तरीय वाल क्लबहरुको शैक्षिक कार्यक्रम | ५००००।०० | ५० हजार |
| २० | कक्षा/८ र ९ १० का बिधार्थिहरुलाई वृत्ति मार्ग निर्देशन कार्यक्रम संचालन ( सामुदायिक तथा संस्थागत गरि १४ बिधालय हरुमा ) | २०००००।०० | २ लाख |
| २१ | बिद्यालय अनुगमन / परिक्षा अनुगमन (कक्षा ११ र १२ को समेत) | १०००००।०० | १ लाख |
| २२ | एकिकृत पाठ्यक्रम प्रबोधिकरण एवम मुल्याकन फारम छपाई व्यवस्थापन | ३०००००।०० | ३ लाख |
| २३ | माध्यमिक बिद्यायलाई व्यवस्थापन खर्च ( ५ वटा मा.बि प्रति बिधालय ७५००० का दरले ) | ३७५०००।०० | ३ लाख ७५ हजार |

| | | | |
|---|---|---|---|
| २४ | कक्षा १ -८ संचालित विद्यालय लाइ व्यवस्थापन खर्च कोटहि आ.बि.) ५०००० का दरले ) | ५००००।०० | ५० हजार |
| २५ | आधारभूत तह १ - ५ संचालित बिद्यालय लाइ व्यवस्थापन खर्च प्रति बिधालय ३०००० का दरले ) | ३०००००।०० | ३ लाख |
| २६ | नर्सरी के.जी. को पाठ्यपुस्तक खरिद | ६०००००।०० | ६ लाख |
| २७ | गा.पा स्तरीय आधाभुत तह कक्षा ८ को सामुदायिक तथा संस्था गत बिधालाय्हरुको अर्ध बार्षिक / बार्षिक परिक्षा खर्च | ४०००००।०० | ४ लाख |
| २८ | अन्य कक्षाहरु को परिक्षा अर्ध बार्षिक / बार्षिक परिक्षा संचालन खर्च | ५०००००।०० | ५ लाख |
| २९ | मदरसाहरुको लागि अनुदान (५ वटा मदरसालाई १५०००० का दरले ) | ७५००००।०० | ७ लाख ५० हाजर |
| ३० | स्थानीय पाठ्यक्रम को १-५ सम्म को पाठ्यपुस्तक लेखन तथा छपाई | ५०००००।०० | ५ लाख |
| ३१ | रास्ट्रपति रनिंग शिल प्रतियोगिता | ३०००००।०० | ३ लाख |
| **जम्मा** | | **१३५०००००।००** | **१ करोड ३५ लाख** |

**स्वास्थ्य शाखा**

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | स्वास्थ्य संस्थाको मर्मत,पानी विजुलि बैकल्पिक उर्जा,फर्निचर, बैठक ,भैपरी खर्च | ३०००००।०० | ३ लाख |
| २ | छोटकीरामनगरका स्थायी कमचारीको लागि प्रोत्साहन | ३१००००।०० | ३ लाख १० हजार |
| ३ | स्वास्थ्य संस्थाको लागि आवश्यक स्वास्थ्य औजार उपकरण | ७०००००।०० | ७ लाख |
| ४ | स्वस्थ्य संस्थाको लागि आवश्यक औषधी खरिद तथा ढुवानी | २००००००।०० | २० लाख |
| ५ | महिला स्वस्थ्य स्वंयमसेविका प्रोत्साहन | ९०००००।०० | ९ लाख |
| ६ | खोप क्लिनिक तथा गाउँ घर क्लिनिकमा पोषण कार्यक्कम संचालन | २०००००।०० | २ लाख |
| ७ | अभिलेख प्रतिवेदन छपाई | ७०००००।०० | ७ लाख |
| ८ | ल्याव सामग्री तथा उपकरण खरिद | ६०००००।०० | ६ लाख |
| १३ | राष्ट्रिय कार्यक्रममा स्थानीय सहभागीता, गोष्ठी बैठक एच.आई.भि. समेत | २०००००।०० | २ लाख |

| | | | |
|---|---|---|---|
| १४ | स्वयं सेविका बिमा तथा सुत्केरी प्रोत्साहन | १५०००००।०० | १ लाख ५० हजार |
| १५ | सुत्केरी महिलाको लागि पोषण आहार कार्यक्रम | २०००००।०० | २ लाख |
| १६ | निशुल्क रक्त दानमा सेवा लिए वापतको परिक्षण शुल्क गत वर्षको निरन्तरता | ३०००००।०० | ३ लाख |
| १७ | कर्मचारी खाजा तथा यातायात | १४४००००।०० | १४ लाख ४० हजार |
| **जम्मा** | | **८००००००।००** | **८० लाख** |

**कृषि विकास शाखा**

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | सक्रिय कृषक समुह र नविनतम कृषि फर्महरुलाई प्रविधि तथा कृषि सामग्री हस्तान्त्रण | ३०००००।०० | ३ लाख |
| २ | नयाँ उन्मोचित गहुँ वाली जातिय प्रविधि प्रदर्शन तथा कृषक समुहसँग समिक्षा कार्यक्रम | १०००००।०० | १ लाख |
| ३ | अनुदानको मल विक्रि वितरण गर्ने सहकारी र सरोकारवालासँग अन्तरक्रिया गोष्ठी | ५००००।०० | ५० हजार |
| ४ | खाद्यान्न वाली उन्नत गहुँ विउमा ३0 प्रतिशत अनुदानमा बिउ वितरण | १८०००००।०० | १८ लाख |
| ५ | मागका आधारमा च्याउ बीउ (स्पान) तथा पोलिथिन व्यागमा 50 प्रतिशत अनुदान | ४०००००।०० | ४ लाख |
| ६ | मागका आधारमा व्यवसायिक उन्मुख कृषकहरुलाइ तरकारी बीउमा 50 प्रतिशत अनुदान | ५०००००।०० | ५ लाख |
| ७ | राष्ट्रिय धान दिवस मनाउने | २०००००।०० | २ लाख |
| ८ | आकस्मिक वाली संरक्षण कार्यक्रम | २०००००।०० | २ लाख |
| ९ | वडा कृषि, पशुसेवा प्राविधिकहरुसँग मासिक प्रगती समिक्षा | १०००००।०० | १ लाख |
| १० | बसन्ते मकै मिनिकिट वितरण | ३०००००।०० | ३ लाख |
| ११ | उत्पादकत्व विश्लेषणको लागि वाली कटानी (crop cutting) | ५००००।०० | ५० हजार |
| **जम्मा** | | **४००००००।००** | **४० लाख** |

**पशु सेवा शाखा**

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सामुदायिक कुकुरहरुको बन्ध्याकरण तथा रेविज रोग विरुद्ध कुकुरहरुमा भ्याक्सिनेसन । | ३०००००।०० | ३ लाख |
| २ | लम्पि स्किन रोग नियन्त्रणका लागि गाई/भैसीमा भ्याक्सिनेसन | ५०००००।०० | ५ लाख |
| ३ | खोरेत रोग नियन्त्रणको लागि गाई/भैसीमा भ्याक्सिनेसन | ३७००००।०० | ३ लाख ७० हजार |
| ४ | भ्यागुते चरचरे रोग नियन्त्रणका लागि गाई/भैसीमा भ्याक्सिनेशन | ३३००००।०० | ३ लाख ३० हजार |
| ५ | पि.पि.आर रोग नियन्त्रणको लागि भेडा/बाख्रामा भ्याक्सिनेशन | ४०००००।०० | ४ लाख |
| ६ | २५% अनुदानमा हिउदे घाँस(वर्षिम घासँको विउ वितरण) | २०००००।०० | २ लाख |
| ७ | औषधी खरिद तथा वितरण | ७५००००।०० | ७ लाख ५० हाजर |
| ८ | २५% अनुदामा वर्षे घासँ(मकैचरी/टियोसेन्टी विउ वितरण) | १०००००।०० | १ लाख |
| ९ | कृषक समुहहरुलाई मागका आधारमा पशुछीपालन तालिम | २०००००।०० | २ लाख |
| १० | पशु पोषणका लागि फिडसप्लिमेन्ट खरिद तथा वितरण | ४५००००।०० | ४ लाख ५० हजार |
| ११ | विमा प्रिमियममा नेपाल सरकारले व्यहोर्ने बाहेकको रकममा ५०% अनुदान | ३०००००।०० | ३ लाख |
| १२ | कृषि तथा पशु सेवाका प्राविधिकहरुको लागि क्षमता अभिवृद्धि तालिम | १०००००।०० | १ लाख |
| | | **४००००००।००** | **४० लाख** |

**महिला विकास शाखा**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | महिला बालबालिका कार्यालयबाट प्रबर्धित सहकारिहरुका लागि अन्तर स्तानिय तह अवलोकन भ्रमण | १४००००।०० | १ लाख ४० हजार |
| २ | महिला संस्था तथा समितिका पदाधिकारीहरु बिच १ दिने अन्तरक्रिया | ७००००।०० | ७० हजार |
| ३ | महिला शसक्तिकरण तथा क्षमता अभिबृद्धिका लागि महिला जनप्रतिनिधिहरु तथा सहकारी संस्थाका समितिहरुका लागि उद्घोषक तालिम | १२००००।०० | १ लाख २० हजार |
| ४ | सिप तथा व्यवसायिक तालिम अन्तर्गत लक्षित, एकल महिलाहरुको लागि व्यवसायिक तालिम | १२००००।०० | १ लाख २० हजार |

| | | | |
|---|---|---|---|
| ५ | किशोर किशोरीहरुको जिवनउपयोगी सिप कार्यक्रम | १३००००।०० | १ लाख ३० हजार |
| ६ | अपांगता बर्गिकरण भएको ग र घ बर्गको ब्यक्तिहरुलाइ सिप तथा व्यवसायिक तालिम बस्तुगत सेवा सहित | १३००००।०० | १ लाख ३० हजार |
| ७ | अपांगता समन्वय समितिको बैठक खर्च | १५००००।०० | १ लाख ५० हजार |
| ८ | बाल क्लब गठन तथा बाल सञ्जाल गठन (वडा तथा पालिका स्तर) बालक्लब सम्बन्धी क्षमता अभिबृद्धि कार्यक्रम (वडा स्तर) | ६००००।०० | ६० हजार |
| ९ | सम्पुर्ण दिवसीय कार्यक्रम (मानव बेचबिखन विरुद्धको दिवस, राष्ट्रिय वाल दिवस,अन्तराष्ट्रिय अपाङ्गता दिवस, अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस, लैङ्गिक हिंसा निवारणका लागि 16 दिने अभियान, नारी दिवस) | २१००००।०० | २ लाख १० हजार |
| १० | अपाङ्गता वर्गिकरण भएको अशक्त तथा अति अशक्त ब्यक्तिहरुका लागि घर दैलो तथा पौष्टिक आहार कार्यक्रम | २४००००।०० | २ लाख ४० हजार |
| ११ | बालबालिकाहरुका लागि लागुपदार्थ तथा दुर्वयसन सम्बन्धी सचेतनामुलक तालिम वडास्तर | १३००००।०० | १ लाख ३० हजार |
| **जम्मा** | | **१५०००००।००** | **१५ लाख** |

**राजश्व/व्यवसाय/सहकारी शाखा**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | साना तथा मझौला उद्योगको विवरण अध्यावधिक तथा अभिमुखिकरण कार्यक्रम | १५००००।०० | १ लाख ५० हजार |
| २ | करदाता अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम | १५००००।०० | १ लाख ५० हजार |
| ३ | कर सप्ताह | १५००००।०० | १ लाख ५० हजार |
| ४ | सबै सहकारी संस्थालाइ सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली COPOMIS सम्बन्धी तालिम | १०००००।०० | १ लाख |
| ५ | सम्पत्ती शुद्धिकरण निवारण सम्बन्धी अन्तरक्रिया तथा GoAMAL सम्बन्धी तालिम संचालन गर्ने | ७००००।०० | ७० हजार |
| ६ | पुर्व सहकारी शिक्षा,सहकारी सचेतना तथा वित्तिय साक्षरता कार्यक्रम | ८००००।०० | ८० हजार |
| ७ | सबै सहकारी संस्थालाई आधारभूत लेखापाल सम्बन्धी तालिम | १०००००।०० | १ लाख |

| | | | |
|---|---|---|---|
| ८ | सहकारी संस्थाहरुको नियमित अनुगमन निरीक्षण तथा सम्भाव्यता अध्ययन | १५००००।०० | १ लाख ५० हजार |
| ९ | सहकारी दिवस(राष्ट्रिय र अन्तराष्ट्रिय ) समेत | ८००००।०० | ८० हजार |
| १० | सहकारीका पदाधिकारी तथा कर्मचारीहरुको लागि त्रैमासीक रुपमा प्रगति समीक्षा,सहकारी अन्तरक्रिया/कार्याशाला /अभिमुखिकरण | १२००००।०० | १ लाख २० हजार |
| ११ | सवै सहकारी संस्थाहरुलाई PEARLS तथा MCI सम्बन्धी तालिम | १०००००।०० | १ लाख |
| १२ | ऋण जोखिम व्यवस्थापन तालिम | ७००००।०० | ७० हजार |
| १३ | सहकारीमा कर व्यवस्थापन तथा E-TDS सम्बन्धी तालिम | ८००००।०० | ८० हजार |
| १४ | सहकारी संस्थाको विनिमय परिमार्जन, नीति तथा कार्यविधि तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठी | १०००००।०० | १ लाख |
| **कुल जम्मा** | | **१५०००००।००** | **१५ लाख** |

**सामाजिक परिचालन**

| क्र.सं. | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | सिप विकास अन्तर्गत व्याग वनाउने तालिम | २०००००।०० | २ लाख |
| २ | सामुदायिक विकास कोष प्रशासनिक खर्च | १५००००।०० | १ लाख ५० हजार |
| ३ | सम्पुर्ण वडाहरुमा चुरा तथा माला बनाउने तालिम | १५००००।०० | १ लाख ५० हजार |
| **जम्मा** | | **५०००००।००** | **५ लाख** |

**न्यायिक समिति**

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | न्यायिक समिति बैठक भत्ता | २०००००।०० | २ लाख |
| २ | मेलमिलाप कार्यगरे बापत प्रति मेलमिलापकर्ता पाँच सय रुपैंयाका दरले यातायात खर्च | ३५००००।०० | ३ लाख ५० हजार |
| ३ | न्यायिक समिति र मेलमिलाप केन्द्रको लागि मसलन्द तथा कार्यालय व्यवस्थापन | १५००००।०० | १ लाख ५० हजार |
| ४ | कानूनी परामर्श सेवा | ५००००।०० | ५० हजार |
| ५ | न्यायिक समिति क्षमता अभिबृद्धि तालिम | २०००००।०० | २ लाख |

| | | | |
|---|---|---|---|
| ६ | मेलमिलापकर्ता प्रशिक्षण कार्यक्रम | २०००००।०० | २ लाख |
| ७ | न्याय सम्बन्धी जनचेतनामूलक कार्यक्रम | २०००००।०० | २ लाख |
| ८ | मेलमिलाप केन्द्र लगायत न्याय निरुपण सम्बन्धमा स्थलगत अनुगमन | ३०००००।०० | ३ लाख |
| ९ | न्यायिक समिति अवलोकन भ्रमण | ३५००००।०० | ३ लाख ५० हजार |
| | **जम्मा** | **२००००००।००** | **२० लाख** |
| | **संघीय सरकार सशर्त अनुदान (चालू)** | **१५६६००००।०० ०** | **१५ करोड ६६ लाख** |
| | **संघीय सरकार सशर्त अनुदान (पूजिंगत)** | **१००००००।००** | **१० लाख** |
| | **संघीय सरकार समपुरक अनुदान (पूजिंगत)** | **५००००००।००** | **५० लाख** |
| | **संघीय सरकार विशेष अनुदान** | **७००००००।००** | **७० लाख** |
| | **प्रदेश सरकार सशर्त अनुदान (चालू)** | **२१५००००।००** | **२१ लाख ५० हजार** |
| | **प्रदेश सरकार सशर्त अनुदान (पूजिंगत)** | **६००००००।००** | **६० लाख** |
| | **प्रदेश सरकार समपुरक अनुदान (पूजिंगत)** | **१०००००००।००** | **१ करोड** |
| | **प्रदेश सरकार विशेष अनुदान** | **०।००** | |
| | **कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च** | **११९६८५१०७।००** | **११ करोड ९६ लाख ८५ हजार १० रुपैया** |
| | **कुल जम्मा** | **४७६६९६१०७।००** | **४७ करोड ६६ लाख ९६ हजार १ सय ७** |

समग्रमा शिक्षा क्षेत्र तर्फ संघ र प्रदेश सरकारको अनुदान समेत गरि कुल रु. १२ करोड ५० लाख स्वास्थ्य क्षेत्र तर्फ कुल रु. ४ करोड ४० लाख र कृषि तथा पशु क्षेत्र तर्फ रु. १ करोड ६५ लाख ५० हजार विनियोजन गरेको छु ।

समग्र बजेटमा चालु खर्च तर्फ रू. ३१ करोड ३२ लाख १०७ रकम विनियोजन गरेको छु। जसको हिस्सा कुल बजेटको ६५.७० प्रतिशत रहेको छ। त्यसै गरि बजेटमा पूजिगत खर्च तर्फ रू. १६ करोड ३४ लाख ९६ हजार रकम विनियोजन गरेको छु। जसको हिस्सा कुल बजेटको ३४.३० प्रतिशत रहेको छ ।

**अन्त्यमा,**

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनुहुने गाँउपालिका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यू, गाउँसभा सदस्यज्यू, बिषयगत समितिहरु विज्ञ महानुभावहरु, राजनीतिक दलका प्रतिनिधि एवं राजनितिज्ञ, संचारजगत, नागरिक समाज, विकास सहयात्री लगायत सम्पूर्ण गाउँपालिकावासी

दाजुभाईदिदिबहिनीहरु एवं अहोरात्र खटिने गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यो बजेट पूर्ण रुपमा कार्यान्वयन गरि आम जनता समक्ष पुर्याउन सबै पक्षको पुर्ण सहयोगको अपेक्षा गरेको छु।

**धन्यबाद।**
सुनिता चौधरी
उपाध्यक्ष
ओमसतिया गाउँपालिका, हाटीफर्साटिकर, रुपन्देही ।
मिति २०८० आषाढ १० गते आईतवार ।